# नेपाल-भारत जल यातायात सम्बन्धमा नेपाली पक्ष र भारतीय पक्षबीच भएको छलफल तथा वार्ता सम्बन्धी प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री श्री के.पि. शर्मा ओलीज्यूको भारत भ्रमणका क्रममा नेपाल तथा भारतवीच जारी संयुक्त वक्तव्यमा उल्लेखित इनल्याण्ड वाटरवे कनेक्टिभिटि सम्बन्धमा नेपालमा र भारतमा यसका संभावना र अवसरहरु सम्बन्धमा छलफल तथा वार्ता गर्न भारतीय अन्तर्देशीय जलमार्ग प्राधिकरण (Inland Waterway Authority of India) का उपाध्यक्ष श्री प्रविर पाण्डे नेतृत्वमा आएको टोलीसँग जल तथा ऊर्जा आयोगका सहसचिव श्री माधव बेल्बासे नेतृत्वको टोलीले जल यातायातका विभिन्न आयाम तथा संभावनाहरुको सम्बन्धमा छलफल गर्‍यो। छलफलका क्रममा नेपाली टोलीको तर्फबाट नेपालमा जल यातायातको सम्भावना र हाल सम्मका गतिविधी सम्बन्धमा प्रस्तुती गरियो। यसै गरी भारतीय पक्षबाट समेत जलमार्ग सम्बन्धमा विशेष गरी जलमार्ग विकास परिमार्जन अन्तर्गतको कलकताबाट वाराणसी सम्मको १४०० कि.मी. लम्वाइमा भईरहेको जल यातायात सम्बन्धी गतिविधी तथा गण्डक (एनडब्लु-३७) (नेपालका नारायणी) तथा कोसी नदी (एनडब्लु-५८) मा जल यातायातको संभावना तथा गतिविधी सम्बन्धी प्रस्तुती भयो।

नेपालमा जल यातायात नारायणी र कोसी मार्फत् गंगा नदी सँगै जोडिदै भारतको हल्दिया हुँदै बंगलादेश र अन्य मुलुकहरुसँग जोडिने प्रचुर संभावना रहेको र यसबाट उल्लेखनिय आर्थिक विकासमा सहयोग पुग्ने कुरामा दुवै पक्ष सहमत देखिए।

वार्तामा नेपाली तथा भारतीय पक्षबाट यस संबन्धी काम कारवाही तुरुन्त अगाडि बढाउन दुवै पक्षबाट आ-आफ्नो तर्फको प्राविधिक टोली (Technical Scoping Mission) गठन गरी यथाशीघ्र दुवै पक्षलाई सुविधा हुने समय छनौट गरी नेपाली प्राविधिक टोलीबाट भारतको एनडब्लु-१ (गंगा नदी) का हाल निर्माणाधीन कोलकता हल्दिया - वाराणसी जलमार्ग खण्डको अध्ययन भ्रमण गर्ने तथा यस संबन्धी थप अनुभव हासिल गर्ने तथा भारतीय पक्षको विशेषज्ञ सम्मिलित प्राविधिक टोलीबाट नेपाल तर्फ कोसी तथा नारायणी नदीमा जल यातायातको स्थलगत अध्ययन गरी दुवै पक्षवीच छलफल गर्ने सहमति भएको छ। यी दुवै टोलीहरुको स्थलगत अध्ययनबाट प्राप्त सिफारिसका आधारमा दुवैपक्ष वीच द्विपक्षीय संस्थागत संरचना गठन गर्ने सहमति भयो।

वार्ताका क्रममा कोसी, गण्डकी तथा कर्णाली नदीमा जलयातायातको प्राविधिक-आर्थिक संभाव्यता तथा यसका विभिन्न आयामहरु सम्बन्धमा विस्तृत छलफल भयो।

वार्ताका क्रममा नेपाल तथा भारतवीच जल यातायात विकासको विधि र मोडालिटी सम्बन्धमा छलफल भयो। भारतीय पक्षबाट नेपाललाई आवश्यक पर्ने जनशक्तिलाई तालिम तथा संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने सहयोग गर्न सकिने उल्लेख गरियो।

जल तथा ऊर्जा आयोगको सचिवालय
२०७५/३/३२